- घरेलु सम्बन्ध भन्नाले वंशज, विवाह, धर्मपुत्र वा धर्मपुत्री वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रूपमा एकै परिवारमा बसेका व्यक्तिहरू बिच भएको सम्बन्ध र संगै बसेका जोडि वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्वन्ध समेतलाई जनाउँदछ ।
- प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानिय निकाय वा पीडीतले चाहेमा सिधै अदालतमा कसुर भएको ९० दिन भित्र अपराध भएको वा हुन गैइरहेको थाहा पाउने जो सुकैले लिखित वा मौखिक उजुरी दिन सक्ने छ ।

## जातिय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८

- कसैले पनि जातिय भेदभाव तथा छुवाछुत गर्ने वा गराउँन हुँदैन वा त्यस प्रकारको कार्य गर्न कुनै प्रकारको मद्धत गर्ने, दुरूत्साहन गर्ने, उक्साउने वा त्यस्तो कार्यको उद्योग गर्न हुँदैन ।
- यस प्रकारको कार्य गरेमा अपराधको प्रकृति हेरी १ महिनादेखि ३ वर्षसम्म कैद वा पाँचसय रूपैयादेखि पच्चीस हजारसम्म जरिमाना वा दुबै सजाय हुन सक्ने व्यवस्था रहेको छ । मद्धत गर्ने, दुरूत्साहन गर्ने, उक्साउने वा उद्योग गर्नेलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था छ ।

## नागरिक अधिकार ऐन २०१२

कुनै सरकारी पदमा नियुक्ति गर्दा नेपाल सरकारले योग्यताको आधारमा मात्र नियुक्ति गर्ने छ र सरकारी सेवा वा अरू कुनै सार्वजनिक सेवाको नियूक्तिमा कुनै पनि नागरिक माथि केवल धर्म, वर्ण, लिङ्ग, जात, जाति वा ति मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन तर कुनै विशेष वर्गको निमित्त विशेष व्यवस्था गर्ने नेपाल सरकारलाई अधिकार हुने छ ।

## निजामती सेवा ऐन २०४९

निजामति सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पद मध्ये ४५% पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारहरू विचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई देहाय बमोजिम पदपूर्ति गरीने छ ।

क) महिला ३३ %
ख) आदिवासी / जनजाती २७ %
ग) मधेसी २२ %
घ) दलित ९ %
ड.) अपाङ्ग ५ %
च) पिछडीएको क्षेत्र ४ %

## कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार/निवारण) ऐन २०७१

**यौनजन्य दूर्व्यवहार गरेको मानिनेः** कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरूपयोग गरी कुनै किसिमको दवाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहिलाई कार्यस्थलमा देहायका कुनै कार्य गरे वा गराएमा यौनजन्य दूर्व्यवहार गरेको मानिने छ ।

क) यौनजन्य आशयले शरीरको कुनै अंगमा छोएमा वा छुने प्रयास गरेमा ।
ख) अश्लिल तथा यौनजन्य क्रियाकलाप सम्बन्धित शव्द, चित्र, पत्रपत्रिका, श्रव्य-दृष्य, अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामाग्री प्रयोग वा प्रर्दशन गरेमा ।
ग) यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा ।
घ) लेखेर, बोलेर वा ईशाराले अश्लिल तथा यौनजन्य आशयले प्रर्दशन वा प्रकट गरेमा ।
ङ) यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा ९० दिन भित्र उजुरी सुन्ने अधिकारी समक्ष उजुरी दिनु पर्ने छ ।

**दण्डसजायः** कसुरको प्रकृति हेरी ६ महिनासम्म कैद वा पचास हजार रूपैयासम्म जरिवाना वा दुबै सजाय हुने छ ।

## बिस्तृत जानकारीका लागि सम्पर्क


Women Act (वमेन एक्ट)
भाटभटेनी, काठमाण्डौ
फोन नं. ०१-४४२२०१८
इमेलः womenact2011@gmail.com
वेभसाइटः www.womenact.org.np
फेसबुकः http://facebook.com/womenact


# लैङ्गिक समानता तथा सामाजिक समावेसीकरण सम्बन्धि कानुनहरू बारे जानकारी
# समता मुलक समाज निर्माणमा हाम्रो जिम्मेवारी



हाम्रो घर, परिवार तथा समाजमा द्धन्द बिद्यमान रहेको हामि पाउँदछौ । यसको थुप्रै कारणहरू मध्ये अशिक्षा, अज्ञानता सचेतनाको अभाव र तत्सम्बन्धि नेपाली कानुनहरू बारे सर्वसाधारणहरू माझ पर्याप्त जानकारी नहुनु हो भनेर विभिन्न अध्ययनहरूले देखाएको छ । सो सम्बन्धि कानुनहरू बारे जानकारी नभएको कारणबाट हाम्रो समाजमा दण्डहिनता बढ्दै गएको छ । सामाजिक न्याय, समानता, सद्भाव र शान्ति स्थापनामा कठिनाई उत्पन्न भएको छ । परिणाम स्वरूप बिभिन्न तह तप्कामा दृश्य-अदृश्य रूपमा द्धन्द हुर्कने क्रम चलिरहेको वर्तमान अवस्था र विषयहरूलाई दृष्टिगत गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि केहि कानुनहरूको बारेमा यस पर्चा मार्फत जानकारी दिने प्रयास गरिएको छ । अबका दिनहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि कानुनहरूको पूर्ण परिपालन भई समतामुलक समाज निर्माणमा सहयोग पुगोस भन्ने हाम्रो उद्धेश्य हो ।

USAID अमेरिकी जनताबाट

The Asia Foundation

## नेपालको संविधानमा महिलाहक : मौलिक अधिकार

१. प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंश (थर) स्थापित गर्ने हक हुने छ ।
२. प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धि हक हुने छ ।
३. महिला बिरूद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारिरीक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनैपनि किसिमको हिंसा जन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन वमोजिम दण्डनिय हुने छ र पिडितले कानुन वमोजिम क्षतिपुर्ती पाउने छ ।
४. राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी गराइने छ ।
५. महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने छ ।
६. सम्पत्ती तथा पारिवारिक मामलामा श्रीमान् श्रीमतीको समान हक हुने छ ।

## नेपालको संविधानमा : नागरिकता

- कुनै व्यक्तिको जन्म हुँदाको वखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्तिले वंशजको नागरिकता पाउने छ ।
- नेपाल भित्र फेला परेका पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नावालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहरीने छ ।
- नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिने छ ।
- नेपाली नागरिकसंग बैबाहिक सम्वन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघिय कानुन वमोजीम नेपालको अंगीकृत नागरिकता लिन सक्ने छ ।
- वंजशको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिको निजको आमा वा बाबुको नामबाट लैगिंक पहिचान सहितको नेपालको नागरिकताको प्रमाण पाउन सक्ने छ ।

## सामाजिक न्यायको हक

सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, थारू, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लीम, पिछडिएका वर्ग, तेश्रो लिङ्गी, यूवा, किसान, श्रमिक, उत्पीडीत वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

## मुलुकी ऐन अंशवण्डाको महल

अंशवण्डा गर्दा यस महलका अन्य नम्वरहरूको अधिनमा रहि बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको एक एक गरी अंश गर्नु पर्दछ । तर विवाह गरिसकेकी छोरीको अंश गर्नु पर्ने छैन ।

## कस्तो सम्पत्तिमा वण्डा लाग्दछ ?

क) पैत्रृक सम्पत्ति ।
ख) पैत्रृक सम्पत्तिबाट बढे बढाएको सम्पती ।
ग) सगोलको सम्पत्तिलाई लगानी गरी बढे/बढाएको सम्पत्ति ।

## कस्तो सम्पत्तिमा वण्डा लाग्दैन ?

क) कुनै अंशियारको निजी ज्ञान, सीप वा प्रयत्नबाट आर्जन गरेको सम्पत्ति ।
ख) महिलाको हकमा निजको दाईजो पेवा वा आफ्नो स्व-आर्जनको सम्पत्ति ।

## गर्भपतनको महल

**गर्भपतन गर्न पाईने व्यवस्थाहरू :**

| क्र.स | कानुनी व्यवस्था | पाईने अवस्था |
|---|---|---|
| १. | १२ हप्तासम्मको गर्भ | गर्भवती महिलाको मञ्जुरीले |
| २. | जवरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको १८ हप्तासम्मको गर्भ | गर्भवती महिलाको मञ्जुरीले |
| ३. | अपाङ्गता भएको बच्चा जन्मन सक्ने वा गर्भवती महिलाको ज्यान जोखीममा पर्न सक्ने भएमा जहिलेसुकै | चिकित्सकको रायले तथा गर्भवती महिलाको मञ्जुरीले |

### गर्भपतन गर्न नपाईने अवस्थाहरू :

१. गर्भवती महिलाको मञ्जुरी विना ।
२. भ्रुणको लिङ्ग पहिचान गरी ।
३. कानुनले तोकेको अवधि कटाई ।
४. कानुनले तोकेको प्रकृया विपरीत ।

**दण्ड सजाय** : अपराधको प्रकृति, गम्भिरता हेरी ३ महिनादेखि ५ वर्षसम्म कैद ।

## विवाहवारीको महल

### विवाह गर्नेको कानुनी आधारहरू :

- केटा वा केटी दुबैको मन्जुरी हुनु पर्ने ।
- संरक्षकको मञ्जुरी भए केटा र केटी दुबैको उमेर १८ वर्ष पुरा भएको हुनुपर्दछ भने संरक्षकको मञ्जुरी नभएमा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनु पर्ने ।
- विवाह गर्ने व्यक्तिहरूको वैवाहिक वा शारीरिक, मानसिक स्थिति लुकाएको हुनु हुँदैन ।
- कुल परम्परा बाहेक विवाह गर्ने केटा र केटी बिच हाडनाता सम्वन्ध हुनु हुँदैन ।

## लोग्ने स्वास्नीको महल

**महिलाले सम्बन्ध विच्छेद गर्न पाउने कानुनी अवस्था :**

- लोग्नेले दोश्रो विवाह गरेमा ।
- खान लाउन नदिई घरबाट निकाला गरेमा ।
- लोग्नेले स्वास्नीलाई लगातार ३ वर्ष वा सो भन्दा बढी समयसम्म खोजखवर नगरी अलग बसेमा ।
- लोग्नेले स्वास्नीलाई ज्यान जाने, अङ्गभङ्ग हुने वा कुनै ठुलो शारीरिक तथा मानसिक कष्ट हुने जाल प्रपञ्च गरेमा ।
- लोग्नेलाइ निको नहुने गरी यौन रोग लागेमा ।
- लोग्नेको सन्तान उत्पादन क्षमता नभएमा ।
- लोग्नेले परस्त्रीसंग करणी गरेको प्रमाणित भएमा ।
- लोग्ने र स्वास्नीको मञ्जुरीले पनि समन्धविच्छेद गर्न सकिन्छ ।

## गालि र बेइज्जती ऐन २०१६

महिलालाई अपमानित गर्ने नियतले कुनै काम कुरा गरेमा वा अपमान गर्ने नियतले निजले देख्ने, सुन्ने गरी भनेमा वा कुनै किसिमको शव्द वा हाउभाउ व्यक्त गरेमा वा कुनै वस्तु देखाएमा वा गोपनियतामा दखल दिएमा १ सय रूपैयादेखी ५ सय रूपैयासम्म जरिवाना हुने छ र ६ महिनासम्म कैदको सजाय पनि हुन सक्ने छ ।

## केहि सार्वजनिक (अपराध र सजाय) ऐन २०२७

सार्वजनिक स्थानमा महिलालाई हातपात गरी वेइज्यत गर्ने, महिलालाई जिस्काउने, हैरानी गर्ने वा निजसंग यस्तै अन्य कुनै किसिमको अस्वभाविक व्यवहार गरेमा २५ हजार रूपैयासम्म जरिमाना वा ३ वर्षसम्म कैद हुने ।

## बिद्युतिय (ईलेक्ट्रोनिक) कारोवार ऐन २०६३

**बिद्युतिय स्वरूप जस्तैः** कम्प्यूटर, इन्टरनेट लगायतका विद्युतिय सञ्चार माध्यमहरूमा सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामाग्री वा कसै प्रति घृणा वा द्वेष फैलाउने वा महिलाहरूलाई जिस्काउने, हैरान गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने गरेमा निजलाई १ लाख रूपैयासम्म जरिमाना वा ५ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था रहेको छ ।

## घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६

- घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्वन्ध भएको अर्को व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणबारे केही जानकारी मूलक कुराहरू

## लिङ्ग (Sex) र लैङ्गिक (Gender)

महिला र पुरुष विच प्रकृतिले गरेको भेद लिङ्ग (Sex) हो । यो प्रकूतिद्धारा निर्मित हुन्छ । त्यस्तै गरी परम्पराले गरेको भेद लैङ्गिकता हो । यो समाजद्धारा निर्मित हुन्छ । लिङ्गलाई प्राकृतिक लिङ्ग अनि लैङ्गिकतालाई सामाजिक लिङ्ग पनि भनिन्छ ।

## लिङ्ग र लैङ्गिक

| लिङ्ग | लैङ्गिक |
|---|---|
| - प्राकृतिक | - सामाजिक |
| - अपरिर्वतनिय | - परिर्वतनिय |
| - सास्वत् | - भ्रम/धारणा |



## लैङ्गिक भुमिकाः

लैङ्गिक भूमिका भनेको महिला र पुरुष विचको सामाजिक सम्बन्ध अनुसारको भुमिका हो । यो प्राकृतिक भूमिका होईन बरू यस्ता कामहरू महिलाले गर्ने र पुरूषले गर्ने भनि परम्पराले निर्धारण गरेको भुमीका हो । उदाहरणका लागि घरायसी कामलाई लिन सकिन्छ । जैविक रूपमा घरायसी काम महिलाले नै गर्नु पर्ने होईन तर चलन चल्तीमा प्रायः महिलाहरूलेनै गरीरहेका पाइन्छन ।

**जस्तैः**

- महिला र पुरूष बीचको सामाजिक सम्बन्ध अनुसारको असमान कार्य विभाजन ।
- महिला र पुरूष विचको सामाजिक सम्बन्ध अनुसारको श्रोत, अवसर, र लाभमा असमानता ।

## लैङ्गिक समानता

लैङ्गिक समानता भनेको महिला र पुरूष विच सबै प्रकारका सामाजिक भेदभावहरूको अन्त्यको अवस्था हो । **लैङ्गिक समानताका केही मुख्य पक्षहरू यस प्रकार छन् ।**

- महिला र पुरूषका समान अवसर, स्तर, अधिकार, जिम्मेवारी ।
- विकाशको श्रोत एवं प्रतिफलमा महिला र पुरूषको समान पहुँच ।
- विकाश प्रकृयामा महिला र पुरूषको समान सहभागिता ।
- नीतिगत निर्णय प्रकृयामा महिला र पुरूषको समान मत ।

अर्को शव्दमा महिलाहरूले महिला भएकै कारणले अवसर, सहभागिता, पहुँच, नियन्त्रण जस्ता पक्षहरूमा पुरूष सरहको अधिकारहरूको उपयोग गर्नबाट वञ्चित हुनु नपर्ने अवस्था नै लैङ्गिक समानताको अवस्था हो ।

**लैङ्गिक समता:**
समता भनेको न्याय हो । लैङ्गिक भेदभावबाट विगतमा पछाडी पारिएका महिलालाई पुरूष सरहको हाराहारीमा ल्याउनका लागी दिईने थप प्राथमिकता नै समता हो । महिलालाई प्रदान गरिने प्राथमिकता, अग्राधिकार, आरक्षण, सकारात्मक विभेद समताका एक वा अर्को रूप हुन । समानता गन्तव्य हो भने समता समानतासम्म पुग्ने मार्ग हो पनि भन्न सकिन्छ ।




**श्रोत साधनमा पहुँच:**
प्राकृतिक, आर्थिक, भौतिक, सामाजिक, साँस्कृतिक श्रोतहरू जस्तै : जग्गा, जमिन, बनजङ्गल, धनसम्पत्ती, सीप आदीको उपभोग र त्यसको लाभ हासिल गर्ने अवस्थालाई श्रोत साधनमा पहुँच भनिन्छ । यी कुराहरूमा पहुँच नहुने व्यक्तिहरू सधै पछाडी परेका हुन्छन ।

**सामाजिक वञ्चितीकरण:**
सामाजिक वञ्चितीकरण यस्तो सामाजिक प्रकृया हो, जसको कारणले समाजमा पछाडि पारिएका वर्गहरू जस्तै महिला, दलित एवं जनजाती समाजको मूल प्रवाहबाट बाहिर र बिकासको प्रतिफलबाट वञ्चित हुन्छन ।

**सामाजिक समावेशीकरण**
सामाजिक समावेशीकरण यस्तो प्रकृया हो जहाँ राष्ट्रको मुलधारमा समावेश हुन नसकेका विभिन्न समुह, वर्ग, समुदाय, जातजाती, धर्म, लिङ्ग र भाषा-भाषिका व्यक्तिहरूलाई राष्ट्रको मुलधारमा समावेश गरी साधन र श्रोतको अवसरमा न्यायोचित साझेदारीमा सुनिश्चितता गरिन्छ । यस प्रकृयामा लच्छित वर्गलाई प्राथमिकता, आरक्षण (कोटा), अग्राधिकारका लागी समताका माध्यमबाट माथि ल्याईने गरिन्छ ।

## बिस्तृत जानकारीका लागि सम्पर्क

**वमेन एक्ट (Women Act), भाटभटेनी, काठमाण्डौ**
फोन नं. ०१-४४२२०१८
इमेल : womenact2011@gmail.com
वेभसाइट : www.womenact.org.np
फेसबुक : http://facebook.com/womenact

USAID
अमेरिकी जनताबाट

The Asia Foundation

Equality, Respect and Dignity
ACT
Women Act (वमेन एक्ट)